लमही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

फोन नं. : ०८२-५४०८५०

लुम्बिनी प्रदेश, नेपाल ।

प.सं. : २०८३/८४ च.नं. : ६०२० मिति : २०८३/०७/०९

सेवा करारमा लिने सम्बन्धी सूचना ।

(प्रथम पटक सुचना प्रकाशित मितिः२०८३/०७/१० गते)

संघीय सरकारको सशर्त कार्यक्रम तर्फ यस नगरपालिकाको स्वास्थ्य तथा कृषि शाखा मार्फत कार्यान्वयन हुने गरी आ.व. २०८३/८४ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यस कार्यालयलाई आवश्यक कर्मचारी सेवा करारमा लिने सम्बन्धमा यस कार्यालयको निर्णयानुसार चालु आ.व. २०८३/८४ को असार मसान्तसम्मको लागि तपसिल बमोजिमको जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त बुझाउन अनुरोध गरिन्छ।

तपसिलः

१. करार सेवामा आवश्यकः

क्र.स	विज्ञापन नं	पद/तह	सेवा/समुह/उप-समुह	माग संख्या	सेवाको किसिम
१	१-२०८३/८४	जनस्वास्थ्य अधिकृत/सातौं	स्वास्थ्य/हे.इ	१	करार
२	२-२०८३/८४	कृषि स्नातक (अधिकृत/छैटौं)	कृषि	१	करार
३	३-२०८३/८४	अभियानकर्ता/सहायक चौथो	स्वास्थ्य/ आयूर्वेद	१	करार

२.आवश्यक न्यूनतम् शैक्षिक योग्यताः

क) जनस्वास्थ्य अधिकृत/सातौं पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य बिषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

ख) कृषि स्नातक अधिकृत/छैटौं पदको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको ।

ग) अभियानकर्ता/सहायक चौथो पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट AAHW वा सो सरह उत्तिर्ण गरी आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएको हुनु पर्ने।

३. उमेरः दरखास्त दिने अन्तिम मिति सम्म जनस्वास्थ्य अधिकृत/सातौं पदको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको कृषि स्नातक अधिकृत/छैटौं पदको हकमा २१ वर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको र अभियानकर्ता/सहायक चौथो पदको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

४. दरखास्त दिने अन्तिम मितिः २०८३/०७/२७ गते

५. सम्पर्क मितिः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट।

६. दरखास्त फारम पाईने र बुझाउने स्थानः लमही नगर कार्यपालिकाको कार्यालय, लमही दाङ।

७. दरखास्त दस्तुरः जनस्वास्थ्य अधिकृत/सातौं र कृषि स्नातक अधिकृत/छैटौं पदको लागि रु १०००।- र अभियानकर्ता/सहायक चौथो पदको लागि रु ४००।-

८. दरखास्त साथ पेश गर्नु.पर्ने आवश्यक कागजातहरुः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरु, २ प्रति पासपोर्ट साइजको फोटो र अनुभव सम्बन्धी कागजात।

९. छनौटको आधारः लमही नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ अनुसार प्रारम्भिक सूची, अन्तर्वार्ता।

१०. अन्तर्वार्ता परीक्षाको मितिः कार्यालयको सूचना प्रकाशन गरी पछि तोकिनेछ।

११. शर्त र मापदण्डः करार सेवाको लागि प्रचलित कानुनद्वारा अयोग्य नठहरेको हुनुपर्ने।

१२. यो सूचना अनुसार दरखास्त तथा सेवा करार स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ। अन्य थप जानकारीको लागि लमही नगरपालिकाको वेभसाइट www.lamahimun.gov.np वा यस कार्यालयको फोन नं. ०८२-५४०८५० मा सम्पर्क राख्नु हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत